Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी खबर

माझखर्क
साप्ताहिकको सह-प्रकाशन

राष्ट्रिय दैनिक




बर्ष-१७, अंक १८ असोज ४ गते सोमबार,२०७८, September–20 Monday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ पृष्ठ -४ मूल्य रु. १०/- www.majhkharka.com

# एक नम्बर प्रदेशको सरकार जनताले चाहे जसरी चल्नेछ



नेकपा एकिकृत समाजबादी पार्टीका केन्द्रिय सदस्य, एक नम्बर प्रदेश संसदिय दलका नेता तथा मुख्यमन्त्रीका दाबेदार राजेन्द्र राई आईबार उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा आयोजित बृहत जिल्ला भेलालाई सम्बोधन गर्दै। तस्बिर - बुद्धि कुमार राई

**बुद्धि कुमार राई**
**उदयपुर, असोज ३**

नेकपा एकिकृत समाजबादी का प्रदेश नम्बर १ का संसदियदलका नेता तथा मुख्यमन्त्रीमा नाम प्रस्ताब भएका राजेन्द्र राईले नेकपा एमाले माधब नेपालले नभई केपी ओलीले फुटाएको आरोप लगाएका छन्। आईतबार उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा नेकपा एकिकृत समाजबादी पार्टीले आयोजना गरेको बृहत जिल्ला कार्यकर्ता भेलालाई सम्बोधन गर्दै नेता राईले अब आफ्नै दलको नेतृत्वमा एक नम्बर प्रदेशमा सरकार बन्ने बताए। उनले अब बन्ने सरकार जनताले भने जस्तै पार्टीको निर्देशन र योजनामा चल्ने भएकाले सबैलाई नेकपा एकिकृत समाजबादी पार्टीमा आउन आब्हान गरे।

कार्यक्रमका प्रमुख अतिथी नेकपा एकिकृत समाजबादी पार्टीका केन्द्रीय सदस्य तथा प्रदेश नं. १ का इन्चार्ज घनेन्द्र बस्नेतले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेपाली जनताले बगाएको रगतको अवमूल्यन गरेको आरोप लगाएका छन्।

नेकपा एकीकृत समाजवादी उदयपुरको जिल्ला स्तरीय कार्यकर्ता भेलालाई सम्बोधनको क्रममा यस्तो बताएका हुन्। दुर्भाग्य भन्नु पर्छ नेपाली कम्युनिष्टको मुल प्रवाहबाट दक्षिणपन्थीको भासमा डुब्दै गएपछि नेपाली जनताले प्राप्त गरेको उपलब्धि सिध्याउने काम केपी ओली गरेको आरोप लगाए।

# बेलका नगर पालिकामा कामै काम

**भाबना बान्तवा राई**
**बेलका, असोज ३**



बेलका नगरपालिकाले बनाएको फोहोर प्रशोधन केन्द अबलोकन गर्दै बेलका नगरपालिकाका नगर प्रमुख मेयर दुर्गा कुमार थापा । तस्बिर - मुलुकी

बेलका नगरपालिका ३ र ९ मा पर्ने श्रीलंका टप्पुका फोहोर प्रशोधन केन्द्र निर्माण तयारीको - *बाँकी ३ पेजमा*

आरके ईम्पोरियम

गाईघाट, उदयपुर



यहा जाक्वर ब्राण्डका हरेक किसिमका बाथरुम फिटिङ का सामानहरु लगायत घर, भबन मा आबश्यक पर्ने सबै मार्बल, टाइल्स, ग्रेनाईट, पाइप फिटिङका सामान आ.के. इम्पोरियम गाईघाट पिपलचोकमा सुपथ मुल्यमा पाईन्छ। पूर्व मनकामना हार्डवेयर सँगै। प्रोपाईटर - राजेश कार्की, सम्पर्क- ०३५४२३६४१, ९८६२६२४६७९

# बिप्लब नेकपाको कार्यालय स्थापना

**मुलुकी संवाददाता**
**उदयपुर, असोज ३**

नेत्रविक्रम चन्द (बिप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) उदयपुरले जिल्ला पार्टी कार्यालय खोलेको छ। सदरमुकाम गाईघाट शान्तिनगरस्थित कन्चनजंघा होटलभन्दा केहीमाथिको तीनतले भवनको दोस्रो तलामा पार्टीले जिल्ला कार्यालय स्थापना गरेको हो।

आईतबार दिउसो आयोजित एक कार्यक्रममा पार्टी जिल्ला सेक्रेटरी लक्ष्मण



पौड्यालले पार्टी कार्यालयको उद्घाटन गरेको कार्यालय सेक्रेटरी दुर्गा तामाङले बताए। सेक्रेटरी तामाङका अनुसार दोस्रो तलामा एउटा सभाकक्ष र ३ वटा कोठा रहेको प्लाईट भाडामा लिएर कार्यालय सञ्चालन गर्नलागिएको हो।

कार्यालय खोलेकै दिन नेकपाले पत्रकार सम्मेलन गरी पार्टी गतिबिधि र आगामी कार्ययोजनाबारे जानकारी गराएको जनाएको छ। पत्रकार सम्मेलनमा एकीकृत जनक्रान्तिको नारा लिएर वैज्ञानिक समाजबाद स्थापनाका लागि पार्टीले देशव्यापी अभियान थालेको सेक्रेटरी पौड्यालले बताएका थिए।

Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



सम्पादकीय...

# कार्यकर्ता रोक्न चुनौती

नेकपा एमाले उदयपुरले भदौ ३० गते बुधबार उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा जिल्ला स्तरीय अगुवा पार्टी कार्यकर्ता भेला आयोजना गरेको थियो । सो भेलामा आएका अतिथी बक्ताहरुले नेकपा एमाले उदयपुरमा पार्टी बिभाजनले कुनै असर नपारेको बताएका थिए । नेकपा एमालेबाट बिभाजन भएर बनेको नेकपा एकिकृत समाजबादी पार्टीले उदयपुरमानै एमालेले आयोजना गरेको तिन दिनपछि प्रतिक्रिया स्वरुप बृहत जिल्ला स्तरिय कार्यकर्ता भेला आयोजना गरे ।

जसरी नेकपा एमाले उदयपुरले आयोजना गरेको अगुवा जिल्ला स्तरीय कार्यकर्ता भेलामा बक्ताहरुले भनेका थिए कि नेकपा एकिकृत समाजबादी पार्टीमा कार्यकर्ता नै नभएको उनीहरुको ठोकुवा थियो । तर आईतबार गाईघाटमा आयोजना भएको भेलाले नेकपा एकिकृत समाजबादीमा कार्यकर्ताहरु आउने लहर लागेको सङ्केत गरेको देखाएको छ । नेकपा एमाले उदयपुरले मदन भण्डारी सभा हलमा आयोजना गरेको कार्यक्रम र नेकपा एकिकृत समाजबादीको कार्यक्रम तुलना गर्न योग्य रहेको थियो । पहिलो पटक आयोजना गरेको कार्यक्रममा नेकपा एकिकृत समाजबादीमा कार्यकर्ता भित्रिने लहर लागेको सङेकेत गरेको छ । आईतबार नै सोही कार्यक्रममा नेकपा माओबादी केन्द्र, संघीय समाजबादी, नेपाली काङ्ग्रेस पार्टी परित्याग गरी नेकपा एकिकृत समाजवादी पार्टीमा प्रवेश गरे। अहिले नेकपा एक्किृत समाजबादी पार्टीको जिल्ला भर कार्यकर्ताहरुलाई जिम्मेवारी दिईएको छैन् । यस्तो अबस्थामा पनि यति कार्यकर्ता जिल्ला भेलामा उतार्नु नेकपा एकिकृत समाजबादी पार्टीको भबिष्य राम्रो भएको सङ्केत हो । अब नेकपा एमालेलाई नै खतरा बढेको छ। आफनो सानो सानो गल्ती र कमजोरी नेकपा एमाले उदयपुरले नसच्चाएको खण्डमा नेकपा एमाले उदयपुरका धेरै कार्यकर्ताहरुले पार्टी परित्याग गरी अन्य दलमा जाने संभाबना बढेर आएको छ। । यसको सिधा असर भनेको नेकपा एमालेलाई नै हुनेछ । अहिले जो जति कार्यकर्ता आफनो पद जिम्मेवारी परित्याग गरी नेकपा एमाले बाट नयाँ नेकपा एकिकृत समाजबादी पार्टीमा गएका छन । एमालेमा रहँदा यि नेता कार्यकर्ताको बलिदान, त्याग, तपस्या, आर्थिक, नैतिक, भौतिक सहयोग गरेर अहिलेको नेकपा एमाले बनेको हो ।

आफुबाट छुटिएर जाने नेकपा एकिकृत समाजबादी पार्टीलाई नेकपा एमालेले अंश बण्डा समेत दिएन । नेकपा एमालेको हरेक भौतिक सम्पतीमा सबै कार्यकर्ता, नेताको कण कणमा ईटा ईटामा सबैको रगत सरी पसिना, पैसा खर्च भएको छ । नीति र बिधान बमोजिम चल्नुपर्ने नेकपा एमाले ब्याक्ति बिशेष हुँदा अहिले यो समस्या आएको हो । अझै नेकपा एमालेमा बिभाजन आउने खतरा बढेको छ । अहिले जति नेता कार्यकर्ता नेकपा एमालेमा रहेका छन् उनीहरु लोभ,लाभले, स्वार्थले पनि सुर्य चिन्हमा रहेका हुन सक्छ । उनीहरु भोलीका दिनमा आफ्नो स्वार्थ पुरा नभएको खण्डमा नेकपा एमालेका धेरै कार्यकर्ता, नेता पार्टी परित्याग गरी नयाँ पार्टीमा जानेछ । जुन कार्य नेकपा एमालेलाई महङ्गो साबित हुनेछ ।




# त्रियुगा खानेपानीको अधिबेशन मंसिर २४ गते

महेश्वर चामलिङ
उदयपुर, असोज ३

त्रियुगा साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता समिति (संस्था) को साधारणसभा आउँदो मंसिर २४ गते तोकिएको छ । त्रियुगा नगरबासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउँने लक्ष्यका साथ स्थापित संस्थाको अवधि दुईवर्षअघि नै सकिएको भए पनि कोविडका कारण रोकिएपछि मंसिमा गर्ने निर्णय भएको हो ।

यही अनुसार समितिले जिल्ला कोविड शंकट व्यवस्थापन समिति (डिसिसिएमसी) उदयपुरबाट अनुमति लिएर साधारणसभा गर्ने तयारी गर्दैगर्दा ४ वर्षअघि निलम्बित अध्यक्ष शंकर बस्नेतले भने यही असोज ४ गते (सोमबार) साधारणसभा गर्ने भन्दै व्यापक प्रचारप्रशार गरिरहेका छन् । साधारणसभा गर्ने खवरै नसुनिकन माईकिङ गरेको सुनेपछि झस्किएका उपभोक्ताहरु समितिमा सम्पर्क गर्दा मंसिरमा हुने भन्ने फरक मिति थाहा पाएपछि अहिले अन्यौलमा परेका हुन् ।

उच्च अदालतले ४ वर्षअघि अर्थात ०७३ भदौ २९ गतेको फैसला अनुसार अध्यक्षबाट हटिसकेका बस्नेतले आफुलाई अदालतले पुन: अध्यक्षमा पुनर्स्थापित गरेको भन्दै असोज ४ गते सोमबार साधारणसभा डाकेको प्रचारप्रसार र उपस्थितिका लागि सरोकारवाला निकाय र उपभोक्तालाई पत्राचार गरेपछि उपभोक्ता अलमलमा पर्नु स्वभाविक हो । प्रचारप्रसार र माईकिङले सर्वसाधारणमा भ्रम सिर्जना भएको भन्दै संस्थाले आईतबार पत्रकार सम्मेलन गरी अहिले प्रचारप्रशार भईरहेको भन्ने साधारणसभा अवैधानिक र आधारहीन भएको भन्दै कसैलाई भ्रममा नपर्न सचेत गराएको छ।

पत्रकार सम्मेलनमा कार्यबाहक अध्यक्ष ओमबहादुर खड्काले बस्नेतलाई अदालतले ४ वर्षअघि अध्यक्षबाट हटाएर अधिकारविहीन बनाईसकाले उनको यो कदम झुट भएकाले भ्रममा नपर्न उपभोक्तालाई सचेत गराए । साधारपसभा गतवर्ष नै गर्नुपर्ने भए पनि कोविडका कारण रोकिएको र यसवर्ष गर्न खोज्दा पुन: कोविडका कारण लगाइएको निशेधाज्ञा भर्खरै खुल्दै गएपछि मंसिर २४ गते गर्ने गरी प्रशासनबाट अनुमति लिइएको उनले बताए ।



पत्रकार सम्मेलनमा बोल्दै त्रियुगा साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाका कार्यबाहक अध्यक्ष ओम खड्का। तस्बिर - मुलुकी

साधारणसभा बोलाएको भन्ने गरिएको प्रचार र हल्ला झुटो र भ्रामक भएको भन्दै खड्काले ०७४ भदौ २९ गतेको अदालतको फैसलाबाटै अध्यक्षबाट हटाएदेखि नै आफु कार्यवाहक अध्यक्ष भएर कार्यालय सञ्चालन गर्दै आएको बताए । अदालतको उक्त फैसलाको पूर्ण पाठ भर्खरै आएपछि बस्नेतले उल्टो प्रचार गरेर आफु अध्यक्षमा पुनर्स्थापित भएको भन्दै साधारणसभा बोलाएको आरोप खड्काले लगाएका छन् ।

६ वर्षअघि सम्पन्न साधारणसभाले छानेको ९ सदस्यीय समितिका उपाध्यक्ष हुन् खड्का । सुरुका केही बैठकमा उपस्थित भएका बस्नेत त्यसपछिका लगातार १० वटा बैठकमा अनुपस्थित भएपछि विधान बमोजिम उनलाई निलम्बन गरिएको खड्काले बताए। लगातार ३ पटकसम्म बैठकमा अनुपस्थित हुने कुनै पनि पदाधिकारी स्वत: निस्कासनमा पर्ने संस्थाको विधान अनुसार बस्नेत निस्कासनमा परेको र पुनस्थार्पित हुन पाउँ भन्दै उच्च अदालत गएकोमा अदालतले पनि निस्कासनको आदेश दिएको खड्काले बताए । बस्नेत ०७३ कात्तिक ३ देखि ०७४ जेठ २६ गतेसम्मका कुनै पनि बैठकमा उपस्थित नभएपछि संस्थाले कारबाही गरेको उनको भनाई छ ।

निर्वाचित कार्यसमितिमा बस्नेतबाहेक उपाध्यक्ष ओमबहादुर खड्का, सचिव सन्तोष खड्का, कोषाध्यक्ष किरण पाण्डे र २ महिलासहित ५ सदस्य एकमत भएर संस्थालाई जीवन्त राख्दै आएको पत्रकार सम्मेलनमा जानकारी दिइयो । सचिव खड्काका अनुसार स्थापनाको दोस्रो कार्यकालदेखि अध्यक्ष भएर नेतृत्व गर्दै आएका बस्नेतलाई उच्च अदालत विराटनगरमातहत अस्थायी इजलास ओखलढुंगाले ०७४ भदौ २९ गते उत्प्रेषणको आदेशले अध्यक्षबाट हटाएको हो ।

अदालतले हटाईसकेको मान्छेले 'म अध्यक्ष हुँ' भन्दै साधारणसभा बोलाउनु अदालतकै मानहानी हुने भएको पनि खड्काले बताए । बस्नेतले अध्यक्ष हुँदा संस्थाका लागि ०६२ सालमा नगर विकास कोषबाट लिएको ६४ लाख ११ हजार ५ सय ८७ रुपैंया ऋण उनी अध्यक्ष भएसम्म सावाँव्याज केही नबुझाउँदा संस्थालाई धेरै घाटा भएको पनि खड्काले बताए । बस्नेत हटेयता भने लगभग नियमित रुपमा ऋणको सावाँव्याज बुझाउदै आएको उनले बताए ।

प्रत्येक ३ महिनामा तोकिएको सावाँव्याज रकम नबुझाउँदा बढेर ५ करोड हाराहारी पुगेको कोषाध्यक्ष किरण पाण्डेले बताए । पाण्डेले बस्नेत अध्यक्षबाट हटेपछि आफुहरुले नियमित साँवा व्याज भुक्तानी गर्दै आएको र हालसम्म १ करोड ३४ लाख बुझाईसक्केको जानकारी पत्रकार सम्मेलनमा दिए ।०७३ असारमा १ लाख बुझाएको संस्थाले त्यसयता ऋणको साँवाव्याज नियमत भुक्तानी गर्दै आएको छ । जस अनुसार ०७४ मा ३ किस्तामा ३५ लाख, ०७५ मा २ किस्तामा २४ लाख र ०७६ मा दुई किस्तामा ३५ लाख साँवाव्याज बुझाएको संस्थाले ०७७ मा कोविडका कारण १८ लाख मात्र बुझाएको छ। त्यस्तै ०७८ मा पनि कोविडका कारण नियमित बुझाउन नसकेर असार मसान्तमा मात्र २१ लाख बुझाएको पाण्डेले बताए ।

यसरी ०७३ देखि ०७८ असार मसान्तभित्र सस्थाले १० किस्तामा १ करोड ३४ लाख ऋण बुझाईसकेको छ । अझै नगरविकास कोषको ऋण सावाँव्याज गरी ३ करोड २ लाख २९ हजार ७ सय ८९ रुपैंया ३५ पैसा बाँकी रहेको कोषाध्यक्ष पाण्डेले बताएका छन्। पाण्डेले पूर्व अध्यक्ष बस्नेतले संस्थाविरुद्ध बिभिन्न अभियोग लगाउँदै आधादर्जन मुद्धा अदालतमा दिएर दु:ख दिँदा ५ लाखभन्दा बढी अतिरिक्त खर्चको क्षति भएको पनि बताए ।



Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# संविधान दिवसमा नौ जना कैदी छुटे

बेद कुमारी बान्तवा राई
उदयपुर, असोज ३

यसवर्षको संविधान दिवसको अवसरमा ९ जना कैदी छुट सजायबाट जेलमुक्त भएका छन् । संविधान दिवसको अवसरमा कारागारमा बस्दा राम्रो आचरण भएकाहरुलाई सजायमा छुट दिने सरकारको नियमानुसार उनीहरु कैदमुक्त भएका हुन् ।

राम्रो आचरण गर्ने कैदीहरुलाई सजाय छुट गराउन कारागार शाखा हुँदै जिल्ला प्रशासन कार्यालयले गर्ने सिफारिस गृह मन्त्रालयमा पुगेपछि राष्ट्रपतिबाट त्यस्ता कैदीहरुलाई सजायमा छुट हुने व्यवस्था छ । जस अनुसार १ महिलासहित ९ जना यसवर्ष कैदमुक्त भएको उदयपुर कारागार शाखा प्रमुख कुमार खड्काले बताए ।

जेलर खड्काका अनुसार कैदमुक्त हुनेहरुमा बहुबिबाह अभियोगका २ पुरुष र १ महिला, चोरी अभियोगका १, कर्तव्य ज्यान अभियुक्त १ र सवारी दुर्घटना अभियुक्त ४ जना रहेका छन् । उनीहरुलाई कैद मिनाहा भएको खवर आए अनुसार आईतबार विहान १० बजे कारागारमुक्त गरेर बिदा गरिएको खड्काले बताए ।

९ जना कैदमुक्त भएपछि उदयपुर कारागारमा अब ३ जना आश्रित बालबालिकासहित २ सय ३९ कैदीबन्दी बाँकी रहेका छन् । जसमा पुरुष १ सय १९, महिला १५ र बालबालिका ५ जना छन् । कारागारमा सजाय भोगिरहेकामध्ये १ सय १८ कैदी तथा १ सय २१ जना बन्दी छन् । जसमा पुरुष कैदीको संख्या ११ र महिलाको संख्या ५ रहेको जेलर खड्काले बताए ।

५० जना केदीबन्दी राख्न मिल्ने क्षमताको कारागारमा अत्याधिक कैदीबन्दी राख्नु पर्दा ठाउँ साँघुरो भएर असहज हुने गरेको छ। क्षमताभन्दा बढी कैदीबन्दी राख्नुपर्दा कारागारमा स्थान अभाव हुनुका साथै खानेपानी र शौचालय तथा व्यवस्थापकीय समस्या झेल्नु परेको खड्काले बताए ।

०३८ सालमा बनेको एकतले भवन पटक पटकको भुकम्पले भत्केर जिर्ण बनाएकाले जोखियुमयुक्त भए पनि नयाँ भवन बनाउन आवश्यक बजेट विभागले दिएको छैन । कैदीबन्दीको चाप बढेसँगै पर्याप्त स्थानसहितको नयाँ भवन बनाउन माग गरे पनि विभागले ध्यान नदिएपछि वर्षौंदेखि काम चलाउ रुपमा कैदीबन्दीलाई राख्नुपर्ने अवस्था आईपरेको खड्काको भनाई छ। चालु वर्षको बजेटमा नयाँ भवन बनाउनका लागि केही रकमको व्यवस्था गरेको जानकारी आए पनि अहिलेसम्म बजेट नै पारित नभएकाले सुनिश्चित नभएको खड्काले बताए।

## बेलका ..

क्रम तिब्ररुपमा चलिरहेको छ । नगरपालिकाले फोहोरलाई प्रशोन गरी मोहरमा बदल्ने लक्ष्यका साथ निर्माणाधीन केन्द्रमा नगरभरी संकलित फोहोरलाई जम्मा गरेर प्रशोधन गरी कम्पोष्ट मल बनाइने बताइएको छ ।

नगरपालिकाले गौरवको योजना बताएको यो प्रशोधन केन्द्रमा कुहिने र नकुहिने फोहोरलाई छुट्याएर कुहिने फोहोरलाई मात्र यन्त्रमा हालेर प्रशोधन गरी अर्गानिक मल बनाउने जनाइएको छ। प्रशोधन केन्द्रबाट मल बनाउने मात्र नभएर २५ घनमिटर क्षमताको ग्याँस निकाल्ने अर्को उपलब्धीमूलक काम पनि हुने नगरपालिकाले जनाएको छ ।

त्यसका लागि थुपारिएको फोहोरमाथि गाई भैंसी बाँधेर त्यसको मलबाट ग्याँस र अर्ग्यानिक मल बनाइनेछ । साथै सोलार ट्रायल राख्ने तथा अरु आसपासका घरको शौचालयको दिशा पिसाबको ग्याँस तानेर ल्याउने उपकरण राख्ने योजना पनि नगरपालिकाले बनाएको छ । सो उपकरण खरिद गर्न ३ करोड रुपैयाँ बजेट बिनियोजन गरिएको बेलका नगरप्रमुख दुर्गा थापाले बताएका छन्। उनका अनुसार ०७७ देखि निर्माण थालिएको प्रशोधन केन्द्रमा ६ करोड रुपैंया लगानी भईसकेको छ ।

प्रशोधन केन्द्र पुर्ण निर्माप गरेर सञ्चालनमा ल्याउन नगरपालिका, प्रदेश र संघमार्फत ३ करोड ३२ लाख खर्च भईसकेको थापाले बताए । प्रशोधन केन्द्र निर्माण भएपछि बेलकासँगै अन्य विभिन्न नगरपालिकामा फालिएको फोहोर संकलन गरेर ल्याइने छ भने प्रशोधन गरेर अर्ग्यानिक मल उत्पादन गरी स्थानीय र बाहिरका कृषकलाई उपभोग गर्न बिक्री गरिनेछ । केन्द्र निर्माण भएपछि स्थानीय जनतालाई रोजगारी मिल्ने अपेक्षा पनि नगरपालिकाले लिएको छ ।

प्रशोधन केन्द्र निर्माण हुनुले एकातिर फोहोर व्यवस्थापनमा सहयोग पुग्नेछ भने अर्कातिर रोजगारी सिर्जना हुनुका साथै स्थानीय समुदायमा गरीबी निवारण गर्ने र वातावरण सन्तुलन गर्न मद्धत पुग्ने फाइदा नगरपालिकाले देखेको छ । केन्द्र निर्माण भएपछि दिनमा १२ टन मल प्रशोधन भएर उत्पादन हुने छ । प्रशोधनकेन्द्र वरिपरि माछा पोखरी र खेल मैदान बनाउने योजना पनि नगपालिकाले अघि सारेको जनाएको छ ।



यहा सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्सका जुत्ता, चप्पलहरु होलसेल मुल्यमा सप्लाई गरिन्छ । साथै विभिन्न स्कुल तथा कलेजको जुत्ताहरु समेत उपलब्ध गराईन्छ ।







लिम्चुङबुङ गाउँपालिका
५ नं. वडा कार्यालयको अनुरोध


समयमै कर तिरौं,
असल नागरिकको परिचय दिऔं ।

सहभागितामूलक,
समावेशी तथा साझेदारीपूर्वक
विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा
सुशासनयुक्त कार्यशैली हाम्रो अभियान,
जेष्ठ नागरिक, एकल महिला, अपांग
र अशक्त नागरिकप्रति जिम्मेवार बनौं ।
(जन्म, मृत्यु, बिवाह, बसाई-सराई,
सम्बन्धविच्छेद) जस्ता व्यक्तिगत
घटना दर्ताहरु सम्बन्धित वडा
कार्यालयमा ३५ दिनभित्र
अनिवार्य दर्ता गरौं ।

लिम्चुङबुङ गाउँपालिका
५ नं. वडा कार्यालय जाँते उदयपुर

Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.






# सि डिभिजन छनौटमा ढोलाहिटि र इगल्सको जित

बिबेक राई

उदयपुर, असोज ३

अखिल नेपाल फुटबल संघ (एन्फा) ले आयोजना गरिरहेको सी डिभिजन छनौटमा आईतबार ढोलाहिटि युथ क्लब र भ्याली इगल्स क्लबले जितहात पारेको छ । ललितपुर सातदोबाटोस्थीत एन्फा कम्प्लेक्सको मैदानमा बिहान ९:३० बजे भएको खेलमा इगल्सले इराहिटि रानिवनलाई २-१ ले पराजित गर्‍यो। इगल्सले एक गोलले पछि पर्नुका बावजुद खेल उल्टाउँदै जितहात पार्न सफल भयो। आठौं मिनेटमा नै सगुन शर्माको गोलमा रानिवनले छिट्टै अग्रता लिएको थियो। पहिलो हाफमा एक गोलले पछि परेपनि इगल्स दोस्रो हाफमा दुई गोल फर्काउन सफल भयो।

६३ औं मिनेटमा रानिवनका खेलाडीले इगल्सका रविकुमार यादवलाई डिबक्सभित्र लडाएपछि इगल्सले पेनाल्टी पाएको थियो। जसमा ६५ औं मिनेटमा धिरज बलयानले गोल गरिदिएपछि इगल्सको जितको लागि टर्निङ प्वाइन्ट भइदियो। त्यसपछि निर्धारित ९० मिनेटको समयपछिको इन्ज्यूरी समयको पहिलो मिनेटमा रविकुमारले गोल गर्दै इगल्ससको जित पक्का गरिदिए। इगल्सका गोलरक्षक विक्रम खलवाल म्यान अफ द म्याच चुनिए। जितहात पारेसँगै तीनअंक हातपारेको इगल्सको समुह डब्लू बाट अर्को चरण जाने सम्भावना बलियो भएको छ।

दिउँसो १२:३० बजेको खेलमा भने ढोलाहिटिले तीन गोलले पछि परेको अवस्था आश्चर्यजनक रुपमा उल्टाउँदै ४-३ को जित रच्न सफल भयो। पहिलो हाफको तीन गोलको आरामदायिक अवस्था कायम राख्न नसक्दा चक्रदेवी सामुदायिक समाज भने दोस्रो हाफमा खिस्रिक्क हुनुपर्‍यो। चक्रदेवीको लागि सातौं मिनेटमा सर्जु गुरुङ, ३५ औं मिनेटमा उनकै पासमा विजेन्द्र तामाङ र पहिलो हाफको ४५ मिनेटपछिको इन्ज्यूरी समयको पहिलो मिनेटमा सर्जुले नै गोल गरेका थिए। तर दोस्रो हाफमा ढोलाहिटिले बेलैमा लगालग गोल फर्काइदियो।

५२ औं मिनेटमा रोशन भुजेल र ५५ औं मिनेटमा प्रकाश बुढाथोकीले लगालग गोल गरेपछि ढोलाहिटिले छिट्टै खेलमा फर्कने संकेत देखायो। नभन्दै ५९ औं मिनेटमा रोशन र ७९ औं मिनेटमा बालकृष्ण केसीले फ्रिकिकमा सोझै गोल गरेपछि ढोलाहिटि बेलैमा खेलमा फर्कन सफल भयो। समुह क्यू मा टोलीलाई जिताउन महत्वपूर्ण भूमिका खेलेका ढोलाहिटिको रोशन नै म्यान अफ द म्याच चुनिए। दिउँसो ३:३० बजेको समुह आर को खेलमा भने रामहिटि बज्र युथ क्लबले नव इमाडोल युथ क्लबलाई २-० ले पराजित गरिदियो।

४३ औं मिनेटमा सुशिल थापा मगर र ७ औं मिनेटमा प्रेमबहादुर दोर्जे लामाले गोल गरेपछि रामहिटिले जितहात पारेको थियो। विजयी टोलीको डिफेन्डर जितेन राई म्यान अफ द म्याच हुन सफल भए। भदौ १० देखि चलिरहेको छनौट प्रतियोगिता देशैभरबाट ७ टोलीले सहभागिता जनाएका छन्। सहभागित सबै टोलीलाई तीनतीन टोली पर्ने गरि सुरुमा २६ समुहमा भाग लगाएर लिग आधारमा खेलाइएको छ। त्यसपछि २६ समुहबाट हरेक समुहको शिर्ष टोली दोस्रो चरण अर्थात नकआउट चरण पुग्नेछन्। दोस्रो चरणमा आइपुगेका यी २६ टोलीलाई एउटामा आठ र बाँकी दुई समुहमा नौनौ टोली पर्नेगरि नकआउट आधारमा प्रतियोगिता खेलाइनेछ।

त्यसपछि यी तीन समुहमा आ-आफ्नो फाइनल खेल जित्ने तीन टोली सी डिभिजनमा छनौट हुनेछन्। त्यसैगरि नेपाल सरकारले संविधान दिवसको अवसरमा नेपाली पुरुष फुटबल टोलीका कप्तान तथा गोलरक्षक किरण लिम्बूलाई प्रवल जनसेवा श्री पुरस्कार दिएको छ। उनले राष्ट्रिय टोलीमा नेपालको लागि सबैभन्दा बढि ७४ खेल खेलेर किर्तिमान कायम गरिसकेका छन्। आउँदो गरेको साफ च्याम्पियनसिपको तयारिको लागि उनी अहिले कतारमा बन्द प्रशिक्षणमा व्यस्त छन्। त्यस्तै नेपाली महिला फुटबल टोलीका फरवार्ड विमला चौधरीले सुकृती पदक पाएकी छिन्। उनी अहिले एएफसी महिला एशियन कप छनौटको खेल खेल्न उज्वेकिस्तानमा छिन्।










माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी दैनिक
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण : लक्ष्मी अफसेटप्रेस, गाईघाट